मितिः२०८१/१२/१३ कार्यपालिका बैठक सङ्ख्या-१४

आज मिति २०८१ साल चैत १३ गते बुधबारको दिन बलेफी गाउँ कार्यपालिकाका अध्यक्ष श्री गङ्गा बहादुर तामाङज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः-

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गङ्गा बहादुर तामाङ | अध्यक्ष | |
| २. | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री छविलाल न्यौपाने | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री रितेश तामाङ | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री सुर्जे तामाङ | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री याङ्व ठकुरी | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री तेज बहादुर पराजुली | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री गृविन्द्र कुमार चौलागाई | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री रमेश कुमार श्रेष्ठ | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२. | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | ईश्वरी |
| १३. | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४. | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५. | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | देवकी |
| १६. | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | कविता |
| १७. | श्री लोकेन्द्र बहादुर राई | सचिव | |

मितिः२०८१/१२/१३ कार्यपालिका बैठक सङ्ख्या-१४

<u>प्रस्तावहरुः-</u>

१. औद्योगिक ग्राम सञ्चालन गर्ने स्थान स्थान्तरण गर्नेसम्वन्धमा,
२. गृहिणी महिला सशक्तिकरण कार्यक्रम छनौट तथा सञ्चालन गर्ने सम्बन्धमा,
३. आधारभूत तह शिक्षा (कक्षा आठ) को परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धमा,
४. "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने सम्बन्धमा,
५. भेरियशन आदेश स्वीकृत गर्ने सम्वन्धमा,
६. बजेट रकमान्तर गर्ने सम्बन्धमा,
७. सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा,
८. आ.व. २०८१/८२ को दोस्रो चौमासिकको आय व्ययको विवरण पेश गरिएको सम्वन्धमा,
९. विविध ।
१०. विविध।

<u>निर्णयहरूः-</u>

१. प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकामा स्थानीय स्रोत साधन, कच्चा पदार्थ, प्रविधि र सिपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी वृद्धि गरी यस्ता उद्योगको स्थापना, विकास र प्रवर्द्धन गर्दै रोजगारी सिर्जनाको माध्यमवाट स्थानीय अर्थतन्त्रम योगदान पुऱ्याउन छरिएर रहेका साना उद्योगहरुलाई एकीकृत गरी व्यवस्थित गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धिको लागि औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्वन्धी कार्यविधि, २०७५ बमोजिम औद्योगिक ग्राम स्थापना, घोषणा तथा सञ्चालनको लागि नाम्दा सामुदायिक वनको जग्गा औद्योगिक ग्राम सञ्चालनको लागि प्रक्रिया अगाडी बढाइएमा जग्गा स्थान्तरण गर्नुपर्ने देखिएकोले यस बलेफी गाउँपालिकाको वडा नं. ३ स्थित कुनै एक ठाउँमा नै स्थान्तरण गर्ने भनी निर्णय गरियो।

२. प्रस्ताव नं. २ को सम्वन्धमा छलफल गर्दा वागमती प्रदेश सरकार र बलेफी गाउँपालिकाको साझेदारीमा कार्यन्वयन हुने आ.व. २०८१/८२ को गृहिणी महिला सशक्तिकरण कार्यक्रम गाउँपालिकाको देहाय वडाहरुमा देहायका कार्यक्रमहरु देहाय बमोजिम सञ्चालन गर्ने भनी निर्णय गरियो।

देहायः-

| क्र.सं. | कार्यक्रम विवरण | सहभागी सङ्ख्या | वडा नं. | अनुमानित बजेट रकम |
|---|---|---|---|---|
| १. | ब्युटिपार्लर तालिम | २६ जना | ५ | ४,००,००० |
| २. | मौरी पालन तालिम | २७ जना | ८ | ४,००,००० |
| ३. | अचार बनाउने तालिम | २७ जना | ७ | ४,००,००० |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४. | बेत बाँसको मुढा बनाउने तालिम | २३ जना | २ | ४,००,००० |
| ५ | सिलाई बुनाई तालिम | १७ जना | ३ | ४,००,००० |
| ६. | धुप बाड्ने तालिम | १८ जना | ६ | ४,००,००० |
| | | जम्माः १०३ जना | | २४,००,००० |

३. प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिका स्तरीय कक्षा-८ को आधारभूत तहको परीक्षा सञ्चालन गर्ने आवश्यक कानून आधारभूत तह शिक्षा (कक्षा आठ) को परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने भनी निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकाको "घ" वर्गको निर्माण ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम ईजाजत पत्रको लागि देहायको निर्माण व्यवसायी पेश गरेकामा पूर्वाधार विकास शाखाको प्रमुख ई. सन्जय प्याकुरेलको संयोजकत्वको सिफरिस समितिले पेश गरेको प्रतिवेदनका आधारमा ईजाजत पत्र दिन सकिने भएकोले देहायको निर्माण व्यवसायीहरुलाई ईजाजत पत्र दिने भनी निर्णय गरियो ।

देहाय:-

| क्र.सं. | निर्माण व्यवसायीको नाम | प्रोफाईटर/प्रबन्धकको नाम | निर्माण व्यवसायीको ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | श्री डिलाईट ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्राईभेट कंम्पनी | सन्तोष प्याकुरेल | बलेफी गाउँपालिका-५, सिन्धुपाल्चोक | |
| २. | KALAM CONSTRUCTION & SUPPLIERS PVT. LTD. | पदम वहादुर श्रेष्ठ | बलेफी गाउँपालिका-१, सिन्धुपाल्चोक | |

५. प्रस्ताव नं. ७ को सम्बन्धमा छलफल गर्दा यस आ.व. २०८१/८२ मा सञ्चालित देहायका आयोजनाहरुको भेरियशन आदेश सार्वजनिक खरिद ऐन, २०६१ को दफा ५४ तथा बलेफि गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ नियम १२७ बमोजिम स्वीकृत गर्ने भनी सर्वसहमतमा निर्णय गरियो ।

क) कोटे बिन्जेल धुस्कोट सडक निर्माण गर्ने कार्यका लागी भ्याट र पि.एस. रकम सहित रु ३२२९४३६८.८२ रकममा निर्माण व्यवसायी श्री बुवासे-प्रथमा जेभीसँग मिति २०८१/०८/२६ मा सम्झौता गरिएको र मिति २०८१/०८/२७ गतेको कार्यादेश अनुसार निर्माण कार्य गर्ने कममा सडक सर्भे गर्ने कममा भन्दा

मिति:२०८१/१२/१३ कार्यपालिका बैठक सङ्ख्या-१४

गाउपालिकाको सार्वजनिक खरिद नियमावली २०७९ को नियम १२७ बमोजिम देहाय बमोजिम निर्णय गरिएको।

भेरियशन आदेश नं. १ सम्बन्धी विवरण

| | | |
|---|---|---|
| १ | ठेक्का न. | BRM/NCB-02/2081-2082 |
| २ | निर्माण व्यवसायीको नाम | श्री मिङमा/पिपलडाँडा जे. भी. |
| ३ | ठेक्का स्वीकृत गर्ने अधिकारी | कार्यपालिका |
| ४ | ठेक्का सम्झौता मिति | २०८१/०८/२४ |
| ६ | सुरु लागत अनुमान (भ्याट र पि. ऐस रकम सहित) | १९३८८९००.६१ |
| ७ | सम्सोधित लागत अनुमान (भ्याट र पि. एस. रकम सहित) | २२६६६४७२.४१ |
| ८ | सुरुको ठेक्का रकम (भ्याट र पि. एस. रकम सहित) | १३७८९९७६.१७ |
| ९ | सम्सोधित ठेक्का रकम (भ्याट र पि. एस. रकम सहित) | १५९५७०६६.१८ |
| १० | सुरुको लागात अनुमानमा भएको थप-घटको % | १७.०९ % (थप) |
| ११ | सम्झौताको अधारमा भएको थप घटको % | १६.१३% (थप) |
| १२ | भेरियसन गर्दा नया आइटमको दररेट कायम गर्नु पर्ने वा नपर्ने | नपर्ने |
| १३ | भेरियसनमा थप हुने आर्थिक दायित्वको व्यवस्था सम्वन्धमा | रकम थप गर्नुपर्ने |

६. प्रस्ताव नं. ६ को सम्वन्धमा छलफल गर्दा वलेफी गाउँपालिकाको आ.व. २०८१/८२ को वजेट तथा कार्यक्रम देहाय वमोजिम वजेट रकमको संशोधन तथा रकमान्तर गर्ने भनी सर्वसम्मत निणय गरियो।

देहायः-

| क.सं. | साबिक योजना तथा कार्यक्रम | रकम | संशोधित योजना तथा कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | कोलडाँडा गंगाले सडक सोलिङ, वलेफी-३ | १,५०,००० | भिमसेन मा.वि. अनुदान | १,५०,००० | |
| २. | बोगाङ डाँडा खानेपानी, वलेफी ३ | ३,००,००० | छ्याङसिङडाँडा काफ्ले सडक निर्माण | ३,००,००० | |
| ३. | काभ्रेखोला ठाडेस्वारा सिंचाई डाँडा गाउँ | २,००,००० | पँधेरोचौर पिपलडाँडा खानेपानी मर्मत | २,००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | सेवा तथा परामर्श | ५,००,००० | कृषि तथा पशूपालन, पूर्वाधार विकास सम्बन्धि वृतचित्र निर्माण | २,५०,००० | |
| ५. | कर्मचारी तालिम खर्च | ४,००,००० | एक शिक्षक एक ल्यापटप कार्यक्रम साझेदारी, फुल्पिङकोट मा.वि. | ४,००,००० | |
| ६. | जग्गा लगत कट्टा | ५,००,००० | विद्यार्थी छात्रवृति कार्यक्रम (P.Hd) | ४,३०,००० | |
| ८. | | | जलबिरे झ्याली क्याम्पस अनुदान | ७०,००० | |
| ७. | वेरुजू न्यूनीकरण र फछ्यौंट कार्यमा संलग्न कर्मचारी तथा पदाधिकारीका लागि अतिरिक्त समय भत्ता | ५०,००० | CCMIS सम्बन्धी अभिमूखीकरण तथा तालिम | १,००,००० | |
| ८. | वेरुजू न्यूनीकरण र फछ्यौंट कार्यमा संलग्न कर्मचारी तथा पदाधिकारीसँग अनतरक्रिया कार्यक्रम | ५०,००० | | | |

७. प्रस्ताव नं. ७ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकाको आ.व. २०८१/८२ को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई तपसिल स्थान, समय र मितिमा गर्ने भनी निर्णय गरियो।

तपसिल:

कार्यक्रम: सार्वजनिक सुनुवाई ( दोस्रो)

स्थान: वडा नं. ७, सरस्वती माध्यमिक विद्यालय

मिति: २०८१/१२/२५

समय: बिहान ११ बजे देखि

CamScanner

मिति:२०८१/१२/१३ कार्यपालिका बैठक सङ्ख्या-१४

८. प्रस्ताव नं. ८ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकाको आ.व. २०८१/८२ को दोस्रो चौमासिक (मंसिर-फागुन) को आय-व्ययको प्रतिवेदनमा देहाय बमोजिम छलफल गरियो।

९. प्रस्ताव नं. ९ को सम्बन्धमा छलफल गर्दा नव-प्रवर्द्धन साझेदारी कोष कार्यन्वयन निर्देशिका, २०७८ बमोजिम बलेफी गाउँपालिकामा तपसिल बमोजिम कार्यन्वयन समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः-

संयोजक- श्री यादव ठकुरी, वडाध्यक्ष, वडा नं. ५

सदस्य- श्री ज्ञाने सुनार, कार्यापालिका सदस्य

सदस्य- श्री ईश्वरी भण्डारी, कार्यापालिका सदस्य

सदस्य- श्री माधव अधिकारी, सूचना प्रविधि अधिकृत

सदस्य- श्री सन्तोष सापकोटा, सब-ईन्जिनियर

१०. प्रस्ताव नं. १० को सम्बन्धमा छलफल गर्दा तामाङ सेवा समाजको ल्होछार कार्यक्रमको लागि रु. ५०,००० रकम भुक्तानी गर्ने भनी निर्णय गरियो ।

CamScanner